## हाट वजार वैठकी कर सम्बन्धी शिलवन्दी दरभाउ पत्र आव्हानको सुचना

सुचना प्रकाशित मिति :- २०७४/०३/०७

यस देवदह नगरपालिका, रुपन्देहीको क्षेत्रभित्र लाग्ने तपशिलका हाटवजारहरुको आर्थिक वर्ष ०७४/०७५ का लागि तपशिल वमोजिमका शर्त र अधिनमा रही हाटवजार वैठकी कर असुल उपर गर्न ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले १५ ( पन्ध्र) दिने शिलवन्दी दरभाउ पत्र आव्हान गरिएको छ।

**तपशिल**

१. दरभाउ फारमको न्यूनतम वोल रकम निम्नानुसार रहने छ।

क) शुक्रवारे हाटवजार खैरेनी रु ५,५०,०००।-
ख) सोमवारे हाटवजार शित्तलनगर रु ३,३२,०००।-
ग) मंगलवारे हाटवाजर भलुही रु १८०००।-
घ) मंगलवारे हाटवजार विर्ता रु २,००,०००। -
ङ) आईतवारे हाटवजार पेटवनिया रु १२,०००।-
च) वुधवारे हाटवजार टटेरा रु ५५,०००।-
छ) शुक्रवारे हाटवजार चरङ्गे रु १७,०००।-
ज) सैदौनिया हाटवजार रु. ३८०००।-

२. दरभाउ पत्र फारम रु ३००।- ( पछि फिर्ता नहुने गरी ) नगरपालिका कार्यालयवाट खरिद गर्नु पर्नेछ।
३. प्रत्येक वजारका लागि छुट्टाछुट्टै दरभाउ फारम भर्नुपर्नेछ।
४. दरभाउ पत्र फारम पेश गर्न नेपाली नागरिक भए ५ प्रतिशत र गैह्र नेपाली नागरिक भए १० प्रतिशत रकम यस कार्यलयको रा.वा. वैंक वुटवलमा रहेको धरौटी खाता नं. ग ३ - ३१२०३०३००७१०२ मा जम्मा गरेको भौचर संलग्न हुनु पर्ने वा उल्लेखित रकम नगदै दरभाउ पत्र साथ दाखिला भएको हुनु पर्नेछ।
५. दरभाउ पत्र स्वीकृत भएको मितिले ७ दिन भित्रमा प्रथम किस्ता रकम जम्मा गरी इजाजत पत्र (पट्टा) उठाई सक्नुपर्ने छ। अन्यथा धरौटी जफत गरी दास्रो दरभाउ स्वीकृत गर्न सकिनेछ।
६. दरभाउ पत्र स्वीकृत भएको दरभाउ दाताको नाममा वैंक ग्यारेण्टी वा धितो जमानी हुनुपर्नेछ।
७. दरभाउ फारममा कार्यालय प्रमुखको सही छाप नभएको मान्यता हुने छैन।
८. दरभाउ रकम वढीमा ३ किस्तामा वुझाउनु पर्नेछ। प्रथम किस्ता सम्झौता गर्दाको वखत, दोस्रो किस्ता असोज मसान्त भित्र र अन्तिम किस्ता पौष मसान्त भित्र वुझाई सक्नु पर्ने छ।
९. दरभाउ फारम मिति २०७४/०३/२१ गतेका दिन दिनको १२:०० वजे सम्म दर्ता गराई सक्नुपर्ने छ। सोही दिनको १:०० वजे दरभाउ दाता वा निजको प्रतिनिधीको रोहवरमा वा उपस्थित भएका अन्य व्यक्तिहरुको रोहवरमा दरभाउ पत्र खोलिने छ। उक्त दिन सार्वजनिक विदा पर्न गएमा भोलिपल्ट सोही समयमा दरभाउपत्र खोलिने छ।
१०. रित नपुगी आएको दरभाउ पत्रलाई मान्यता दिइने छैन।
११. हाट वजार वैठकी कर नगरपालिकाको दररेट अनुसार हुनेछ।
१२. दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिका कार्यालयमा निहित रहनेछ।
१३. वक्यौता रकम भएका वोलपत्रदाताहरुले दरभाउ पत्र हाल्न पाइने छैन।
१४. कवोल गरेको रकम सुरुमा वुझाई सम्झौता गर्नेलाई १० प्रतिशत छुट दिइनेछ।
१५. कुनै पनि प्रकारको वहानामा मिनाहा दावी गर्न पाइने छैन।
१६. वजार व्यवस्थापनका लागि साधारण मर्मत सम्भार सम्वन्धि कार्य दरभाउ पत्रदाता स्वयंले गर्नुपर्नेछ। सोको खर्च दावी गर्न पाईने छैन।
१७. दरभाउ फारमका साथ नेपाली नागरिकको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य हुनुपर्नेछ।
१८. अन्य थप जानकारीको लागि देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालय देवदहमा सम्पर्क राख्न सकिनेछ।

श्रीकृष्ण नेपाल
कार्यकारी अधिकृत

देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, रुपन्देही
सम्पर्कको लागि ०७१- ५७७२९२ , ०७१-५७७३०३, ०७१-५७७४०३,

# हाट वजार वैठकी कर सम्बन्धी शिलवन्दी दरभाउ पत्र आव्हानको सुचना

सुचना प्रकाशित मिति :- २०७४/०३/०७

यस देवदह नगरपालिका, रुपन्देहीको क्षेत्रभित्र लाग्ने तपशिलका हाटवजारहरुको आर्थिक वर्ष ०७४/०७५ का लागि तपशिल वमोजिमका शर्त र अधिनमा रही हाटवजार वैठकी कर असुल उपर गर्न ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले १५ ( पन्ध्र) दिने शिलवन्दी दरभाउ पत्र आव्हान गरिएको छ।

**तपशिल**

१. दरभाउ फारमको न्यूनतम वोल रकम निम्नानुसार रहने छ।

क) शुक्रवारे हाटवजार खैरेनी रु ५,५०,०००।-
ख) सोमवारे हाटवजार शित्तलनगर रु ३,३२,०००।-
ग) मंगलवारे हाटवाजर भलुही रु १८०००।-
घ) मंगलवारे हाटवजार विर्ता रु २,००,०००। -
ङ) आईतवारे हाटवजार पेटवनिया रु १२,०००।-
च) वुधवारे हाटवजार टटेरा रु ५५,०००।-
छ) शुक्रवारे हाटवजार चरङ्गे रु १७,०००।-
ज) सदोनिया हाटवजार रु. ३८००००।-

२. दरभाउ पत्र फारम रु ३००।- ( पछि फिर्ता नहुने गरी ) नगरपालिका कार्यालयवाट खरिद गर्नु पर्नेछ।
३. प्रत्येक वजारका लागि छुट्टाछुट्टै दरभाउ फारम भर्नुपर्नेछ।
४. दरभाउ पत्र फारम पेश गर्न नेपाली नागरिक भए ५ प्रतिशत र गैह्र नेपाली नागरिक भए १० प्रतिशत रकम यस कार्यलयको रा.वा. वैंक वुटवलमा रहेको धरौटी खाता नं. ग ३ - ३१२०३०३००७१०२ मा जम्मा गरेको भौचर संलग्न हुनु पर्ने वा उल्लेखित रकम नगदै दरभाउ पत्र साथ दाखिला भएको हुनु पर्नेछ।
५. दरभाउ पत्र स्वीकृत भएको मितिले ७ दिन भित्रमा प्रथम किस्ता रकम जम्मा गरी इजाजत पत्र (पट्टा) उठाई सक्नुपर्ने छ। अन्यथा धरौटी जफत गरी दास्रो दरभाउ स्वीकृत गर्न सकिनेछ।
६. दरभाउ पत्र स्वीकृत भएको दरभाउ दाताको नाममा वैंक ग्यारेण्टी वा धितो जमानी हुनुपर्नेछ।
७. दरभाउ फारममा कार्यालय प्रमुखको सही छाप नभएको मान्यता हुने छैन।
८. दरभाउ रकम वढीमा ३ किस्तामा वुझाउनु पर्नेछ। प्रथम किस्ता सम्झौता गर्दाको वखत, दोस्रो किस्ता असोज मसान्त भित्र र अन्तिम किस्ता पौष मसान्त भित्र वुझाई सक्नु पर्ने छ।
९. दरभाउ फारम मिति २०७४/०३/२१ गतेका दिन दिनको १२:०० वजे सम्म दर्ता गराई सक्नुपर्ने छ। सोही दिनको १:०० वजे दरभाउ दाता वा निजको प्रतिनिधीको रोहवरमा वा उपस्थित भएका अन्य व्यक्तिहरुको रोहवरमा दरभाउ पत्र खोलिने छ। उक्त दिन सार्वजनिक विदा पर्न गएमा भोलिपल्ट सोही समयमा दरभाउपत्र खोलिने छ।
१०. रित नपुगी आएको दरभाउ पत्रलाई मान्यता दिइने छैन।
११. हाट वजार वैठकी कर नगरपालिकाको दररेट अनुसार हुनेछ।
१२. दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिका कार्यालयमा निहित रहनेछ।
१३. वक्यौता रकम भएका वोलपत्रदाताहरुले दरभाउ पत्र हाल्न पाइने छैन।
१४. कवोल गरेको रकम सुरुमा वुझाई सम्झौता गर्नेलाई १० प्रतिशत छुट दिइनेछ।
१५. कुनै पनि प्रकारको वहानामा मिनाहा दावी गर्न पाइने छैन।
१६. वजार व्यवस्थापनका लागि साधारण मर्मत सम्भार सम्वन्धि कार्य दरभाउ पत्रदाता स्वयंले गर्नुपर्नेछ। सोको खर्च दावी गर्न पाईने छैन।
१७. दरभाउ फारमका साथ नेपाली नागरिकको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य हुनुपर्नेछ।
१८. अन्य थप जानकारीको लागि देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालय देवदहमा सम्पर्क राख्न सकिनेछ।

श्रीकृष्ण नेपाल
कार्यकारी अधिकृत

देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, रुपन्देही
सम्पर्कको लागि ०७१- ५७७२९२ , ०७१-५७७३०३, ०७१-५७७४०३,